# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड १) देवदह नगरपालिका, मितिः २०७६/०७/०१ (संख्या २**


## भाग–२

## देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७६ सालको कार्यविधि नं. २

### कार्यविधिको नाम : देवदह नगरपालिकाको स्वयंसेवी शिक्षक व्यवस्थापन अनुदान कार्यविधि, २०७६

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०६/३०

देवदह नगरपालिकाको पाँचौ नगरसभाबाट नगरपालिका अन्तर्गत रहेका सामुदायिक माध्यमिक विद्यालयका माध्यमिक तहको कक्षा ९ र १० मा स्वंय सेवी शिक्षक व्यवस्थापनका लागि वजेट विनियोजित भएकोमा

उक्त रकम विद्यालयलाई माध्यमिक तहमा स्वयं सेवक शिक्षक व्यवस्थापन गर्न अनुदानको रुपमा निकाशाको व्यवस्था मिलाउन आवश्यक भएकोले देवदह नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. यो कार्यविधिको नाम **स्वयंसेवी शिक्षक व्यवस्थापन अनुदान कार्यविधि-२०७६** रहेको छ।

२. विद्यालय भन्नाले नगर भित्र रहेका सामुदायिक विद्यालयलाई जनाउने छ।

३. शाखा भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई जनाउने छ।

४. विद्यालय व्यवस्थापन समिति भन्नाले शिक्षा ऐन २०२८ (संशोधन सहित) वा नगर शिक्षा ऐन २०७४ वमोजिम गठित विद्यालय व्यवस्थापन समितिलाई जनाउने छ।

५. देवदह नगरकार्यपालिका बाट स्वीकृत भएपछि तुरुन्त कार्यान्वयन हुने छ।

६. वडा कार्यालयहरुबाट शिक्षक व्यवस्थापनका लागि छुट्टयाईएको अनुदानमा शिक्षक व्यवस्थापन गर्न पनि यो कार्यविधिको उपयोग गर्न सकिने छ।

७. नगरकार्यपालिकाले स्वीकृत गरेको अनुदानमा कम्तीमा १५ दिनको समय राखि विज्ञापन गर्ने काम सम्बन्धित विद्यालयले गर्नेछ। यस्तो विज्ञापन अनिवार्य रुपमा स्थानीय पत्रिकामा प्रकाशन भएको हुनुपर्ने छ।

८. स्वयंसेवी शिक्षकहरुको विषयगत प्राथमिकता देहाय बमोजिम हुनेछ। नीजी स्रोतमा कार्यरत रहेका शिक्षकलाई विद्यालयको सम्बन्धित तहमा शिक्षक उपलब्ध भएको भनी मानिने छैन।

९. पहिलोः अङ्ग्रेजी
दोस्रोः गणित वा गणित/विज्ञान
तेस्रोः विज्ञान आदि
चौथोः नेपाली
पाँचौः सामाजिक
छैंठौः ऐच्छिक विषय

१०. शिक्षा नियमावली २०५९ अनुसार नै शिक्षक छनौटका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, नगरपालिकाको शिक्षा शाखाको अधिकृत सम्बन्धित विषयको विज्ञ २ जना र सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य सचिव रहने एक शिक्षक छनौट समिति रहने छ।

११. शिक्षक छनौटका लागि लिखित परीक्षा पूर्णाङ्क १०० अङ्कको हुनेछ जसमध्ये ४० पूर्णाङ्क वस्तुगत प्रश्न र ६० अंकको विषयगत प्रश्न हुनेछ। मौखिक वा अन्तरवार्ता परीक्षा १५ अंकको हुनेछ जसमा शैक्षिक योग्यता वापत ३ अंक (प्रथम श्रेणीका लागि ३ अंक,द्वितीय श्रेणीका लागि २ अंक र तृतीय श्रेणीका लागि १ अंक) र १२ अङ्कको अन्तरवार्ता हुने छ।

१२. स्वंयमसेवी शिक्षकको उम्मेदवार हुन शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) मा सम्बन्धित तहको शिक्षकका लागि तोकिएको योग्यता पुगेको हुनुपर्ने छ।

१३. विद्यालयले प्राप्त अनुदानबाट नियुक्त हुने शिक्षकलाई मासिक रुपमा रु.२५,०००।– (अक्षेरुपी पच्चीस हजार) का दरले

हाजिरी भै काम गरेको मितिदेखि तलव भत्ता उपलव्ध गराउने छ।

१४. विषयगत रुपमा परीक्षा लिने कार्यमा नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाले सहजीकरण गर्ने छ।

१५. यसरी नियुक्त हुने शिक्षक आषाढ मसान्तसम्म कार्यरत रहनेछन् तर निजहरुको आचरण एवं शिक्षण सन्तोषजनक नभएमा सफाई पेश गर्ने मनासिव मौका दिई विद्यालय व्यवस्थापन समितिले नगरपालिकाको सम्बन्धित शाखामा अवकाशका लागि लेखि पठाउन सक्नेछ।

१६. आ.व. २०७७/०७८ को बजेटमा यो कार्यक्रमले निरन्तरता पाए यी शिक्षकहरु पनि निरन्तर काम गरिरहन पाउनेछन्।

१७. स्थानीय पत्रिकामा दुई दुई पटक सम्म १५ दिनको विज्ञापन गर्दा पनि अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवार प्राप्त नभएमा विद्यालयले सम्बन्धित शाखाको समन्वयमा त्यस्तो उम्मेदवार प्राप्त नहुञ्जेल सम्म दैनिक ज्यालादारीमा शिक्षक नियुक्त गर्न सक्ने छ।

१८. यसको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा कुनै अस्पष्टता भएमा नगर शिक्षा समितिले आवश्यक निर्णय गरि अस्पष्टता हटाउन वा बाधा अडकाउ फुकाउन सक्ने छ।

१९. अनुसुची १ मा व्यवस्था भए बमोजिमको संख्यामा स्वंय सेवी शिक्षकलाई भुक्तानी गर्नुपर्ने तलव रकम सम्वन्धित विद्यालयलाई अनुदान उपलव्ध दिइनेछ।

## अनुसूची-१

| क्र. सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | शिक्षक विवरण | | | | | स्वयं सेवी शिक्षक अनुदान | अवहुने शिक्षक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दरबन्दी | राहत | शिक्षक सहयोग अनुदान | साविकउच्च मा वि | जम्मा | | | |
| १ | केरवानी मा वि | २०१ | ५ | १ | ० | २ | ८ | ० | ८ | प्राविधिक धार ६ |
| २ | खड्ग मा वि | १०६ | ३ | १ | ० | ० | ४ | ० | ४ | |
| ३ | महामायाभवानी मा वि | १८० | ७ | ० | ० | २ | ९ | ० | ९ | |
| ४ | भविष्यनिर्माण मा वि | १२३ | १ | ३ | ० | २ | ६ | ० | ६ | |
| ५ | जनप्रिय मा वि | १११ | २ | २ | ० | ० | ४ | ० | ४ | |
| ६ | देवदह मा वि | २०१ | ० | ४ | ० | २ | ६ | ० | ६ | |
| ७ | सीता मा वि | १५० | ० | १ | १ | 0 | २ | १ | ३ | |
| ८ | युगज्योति मा वि | १४४ | ० | १ | १ | ० | २ | १ | ३ | |
| ९ | सरस्वती मा वि | ११३ | ० | | १ | ० | १ | २ | ३ | |
| १० | प्रगति मा वि | १४३ | ० | | १ | ० | १ | २ | ३ | |
| ११ | सिक्टहन मा वि | ११० | ० | | १ | ० | १ | २ | ३ | |
| १२ | जनता मा वि | ७६ | ० | | १ | ० | १ | २ | ३ | |
| १३ | ज्ञानज्योति मा वि | ५८ | ० | | १ | ० | १ | २ | ३ | |

प्रमाणीकरण मिति : २०७६/०७/०१

आज्ञाले
शशीधर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत